# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ५ संख्या :३ जेठ २६, २०८२

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लागत साझेदारीमा छनौटमा परेको हुँदा योजना तर्जुमाका चरणहरु पूरा गर्नका लागि सूचना प्रकाशन गर्ने, बस्तिस्तरमा भेला गरेर योजना छनौट गरी वडा समितिले प्राथमिकिकरण गरि गाउँपालिकामा प्राप्त योजनाहरुबाट गाउँपालिकाले प्राथमिकिकरण गर्नको लागि साझेदार संस्थाका प्रतिनिधिहरुसँग छलफल गरि योजनाहरु छनौट गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले बजेट सिलिङ्ग निर्धारण सम्बन्धमा मिति २०८२/०२/२५ गते गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो |
| ४ | गाउँपालिकाको दुर्घटना भएको गाडीको कवाडी जन्य पदार्थको जिल्ला दररेट बमोजिम जम्मा ६५०kg कवाडी सामानको मूल्याङ्कन गरि बिक्रि गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाको आधारभूत अस्पतालको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय धनेन्द्र कार्कीज्यूबाट समुद्घाटन मिति २०८२/०१/२२ मा गरिएको हुँदा उक्त कार्यक्रमको व्वस्थापनमा भएको खर्च रकम रु.७४३०५।–भएको हुँदा अस्पताल सञ्चालन खर्च शिर्षकबाट चुक्तानी गर्ने, गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को दरबार देविस्थान स्वास्थ्य चौकीको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय धनेन्द्र कार्कीज्यूबाट समुद्घाटन मिति २०८१/१०/१४ मा गरिएको हुँदा उक्त कार्यक्रमको व्यवस्थापनमा भएको खर्च रकम रु.५८५५०।–कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने र गुल्मीदरबार गाउँपालिका वडा नं. ६ को ठुलान आधारभूत स्वास्थ्य सेवा केन्द्रको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय धनेन्द्र कार्कीज्यूबाट समुद्घाटन मिति २०८२/०१/२२ मा गरिएको हुँदा उक्त कार्यक्रमको व्यवस्थापनमा भएको खर्च रकम रु.४३९५६।–कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| ६ | मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमको आ.व.२०८१/०८२ मा कृषि यान्त्रीकरण कार्यक्रम अन्तर्गत कर्षकहरुलाई ५० प्रतिशत अनुदानमा मिनिटिलर र कम्बाइन मिल उपलब्ध गराउनको लाग बोलपत्र आव्हान गरेकोमा बोलपत्र दाताले घटेर विडिङ्ग गरेको हुँदा रकम बचत भएको तर माग गरेका कृषकहरुलाई मिनिटिलर नपुगेको हुँदा ठेक्कामा उपलब्ध हुने दररेटमा थप मिनिटिलर खरिद गरि सूचिकृत थप कृषकहरुलाई उपलब्ध गराउने निर्णय गरियो । |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको श्रममा आधारित रोजगार कार्यक्रमको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्र बमोजिम आ.व.२०८२/०८३ मा १००% लागत साझेदारीमा मात्र कार्यक्रम सञ्चालन गर्ने नेपाल सरकारले व्यवस्था गरेको हुँदा गुल्मीदरबार गाउँपालिकाबाट आ.व.२०८२/०८३ मा रु.१५०३०००।– बजेट सुनिश्चित गरि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्थता मिलाउने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकाको आर्थिक समितिको मिति २०८२/०२/२४ गते गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिकाको गाउँ सभाको १७औं अधिवेशनको पहिलो बैठकको तपशिल बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।<br>तपशिलः |

| | |
|---|---|
| | १. आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम छलफल तथा स्वीकृतीका लागि गाउँ सभा समक्ष पेश । |
| १० | विविध निर्णयहरु<br>➢ गुल्मी जिल्लाका कलाकार एवं गाउँपालिकाको परिचय गीतका गायककार श्री रामचन्द्र चन्द बिरामी भइ उपचारको क्रममा रहेको हुँदा निजलाई आर्थिक सहायता रु.५००००।– उपलब्ध गराउने निर्णय गरियो ।<br>➢ श्री ठूलोपोखरा माध्यमिक विद्यालयको भवन निर्माण गर्दा प्राङ्गणमा रहेको विद्युत पोल तार सार्न पर्ने भएको हुँदा उक्त पोल तार सार्दा लागेको खर्च रकम रु.४१९०९।–सडक बत्ति तथा विद्युत महसुल खर्च शिर्षकबाट भुक्तानी गर्ने ।<br>➢ गुल्मीदरबार गाउँपालिका आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणको चरणमा रहेको हुँदा सुझाव संकलनको लागि वेवसाइडमा पोर्टल निर्माण गरि रायसुझाव संकलन गरिएको र सरोकारहरुबाट प्रत्यक्ष रुपमा सुझाव संकलनका लागि मिति २०८२/०३/०३ गते अपरान्ह १.०० बजे कार्यक्रमको आयोजना गर्ने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. १ मा सञ्चालनमा रहेको गरिवसँग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालक राजिनामा दिएको कारण रिक्त रहेको र पदपूर्ति भइ नसकेको हुँदा उक्त कार्यक्रम वडा सचिव मार्फत सञ्चालन गर्ने ।<br>➢ गुल्मीदरबार गाउँपालिकामा आफ्नै भवन नभएको वडा नं. १ मात्र रहेको हुँदा आगामी आ.व. २०८२/०८३ मा भवन निर्माणको प्रक्रियाका लागि आवश्यक बजेट सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ७ का श्री ठूलोपोखरा मा.वि. र रेसुङ्गा बोर्डिङ्ग स्कूलको समायोजन भएको हुँदा समायोजन बापतको रकम भुक्तानीका सम्बन्धमा विद्यालय तथा शिक्षक समायोजन कार्यविधिमा उल्लेख भए बमोजिम तोकिएको मापदण्डमा रहि भुक्तानी दिने ।<br>➢ आ.व.२०८१/०८२ मा योजना सम्झौता गरि सञ्चालनमा रहेका योजनाहरु मध्ये विविध कारणले तोकीएको समयमा सम्पन्न हुन नसकी काम भइ रहेका योजनाहरुको म्याद २०८२ साल असार १५ गतेसम्म थप गर्ने ।<br>➢ गुल्मीदबार गाउँपालिका वडा नं. ४ को ९ वर्षको बच्चा आकाश सुनारको दुवै मृगौला फेल भएर उपचार भइ रहेको र घरको आर्थिक अवस्था निकै कमजोर रहेको हुँदा आर्थिक सहायता स्वरुप रु.३००००।– विपन्न नागरिक आर्थिक सहयोग कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत